*Siddhajyoti Interdisciplinary Journal (SIJ)*
Vol. IV, January, 2023
(A Peer Reviewed Open Access Research Journal)
ISSN: 2645-8381
Published by Research Management Cell, Siddhajyoti Education Campus, Sindhuli
https://www.nepjol.info/index.php/sij

# ‘झरेको पात’ उपन्यासमा आञ्चलिकता

**डा. महेन्द्रकुमार मल्ल**

**Article History**: ***Received:*** 30 June 2022; ***Reviewed:*** 30 November 2022; ***Accepted:*** 10 December 2022

**सार**

*कुनै खास स्थान विशेषको सामाजिक, सांस्कृतिक, प्राकृतिक, वेषभूषा, रहनसहन, पात्रीय मनोदशा, भौगोलिक, आर्थिक, भाषिक, राजनीतिक, ऐतिहासिक आदि विविध पक्षको विशिष्ट अङ्कन अङ्कन गर्नुलाई आञ्चलिकता भनिन्छ । ‘झरेको पात’ उपन्यासमा पनि यस्ता स्थानीय रङहरूलाई विशिष्ट एवं सूक्ष्म ढङ्गले चित्रण गरिएको छ । यस अध्ययनमा गुणात्मक विधिको उपयोग गरिएको छ । यसमा दैलेख जिल्लादेखि सुर्खेत हुँदै बर्दिया र टीकापुरसम्मको भौगोलिक, प्राकृतिक, सामाजिक, राजनीतिक, ऐतिहासिक, आर्थिक, भाषिक पक्ष, वेषभूषा, रहनसहन, प्रथा, परम्परा, स्थानीय मनोदशा आदिको सूक्ष्म अङ्कन गरेको छ । आञ्चलिकताको परिचय र अर्थ बताउनु एवम् ‘झरेको पात’ उपन्यासलाई आञ्चलिक उपन्यास बनाउने आधारहरू पहिल्याउनु नै यस अनुसन्धानको मुख्य उद्देश्य हो । सामाजिक जीवनको जीवन्त प्रस्तुति रहेको छ । विवाह, व्रतबन्ध, चाडपर्व, मेलापात, घाँसदाउरा, देवीदेउताको पूजाआजा, धामीझाँक्री प्रथा, लोकगीत र लोकसंगीतको प्रस्तुति, जाँडरक्सी, जुवातास जस्ता कुप्रथा, खेतीपाती, पशुपालन आदिलाई सही ढङ्गले उधिनिएको छ । वि.सं. २०५२ सालबाट प्रारम्भ भएको माओवादी सशस्त्र विद्रोह र त्यसले स्थानीय तहमा पारेको प्रभावलाई पनि यथार्थ रूपमा देखाइएको छ । संविधान सभाबाट संविधान निर्माणको राजनीतिक सन्दर्भ, राजतन्त्रको ढल्किँदो बैंसदेखि संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनासम्मको नेपालको आलो इतिहास र त्यसको स्थानीय स्तरमा परेको प्रभाव, ग्रामीण भेकमा चेतनाको स्तर, रूढि र अन्धविश्वास, स्थानीय पाल्सी भाषा, उखानटुक्का, भाषिका वा बोलीको विशिष्ट प्रयोग, जीवनका विविध पक्षको प्रभावले उत्पन्न गरेको पात्रीय विशिष्ट मनोभाव आदिको चित्रणले उपन्यास विशिष्ट बन्न पुगेको छ । यिनै विविध विशिष्ट प्रयोगका कारण ‘झरेको पात’ आञ्चलिक उपन्यास बन्न पुगेको छ ।*

***प्रमुख शब्दहरू:*** आञ्चलिकता, स्थानीय रङ, पाल्सी बोली, सामन्ती सत्ता, बिम्ब, लोकतत्त्व ।

## विषयप्रवेश

आधुनिक नेपाली उपन्यास लेखन परम्परामा नयाँ नयाँ प्रयोगहरू भएका छन् । यस कालखण्डका उपन्यासले विभिन्न विषय, वाद, प्रवृत्ति र शिल्पलाई उपयोग गरेको देखिन्छ । फलस्वरूप नेपाली उपन्यास विधाले थुप्रै अमूल्य कृति प्राप्त गरेको छ । यसैको पछिल्लो कडीका रूपमा प्रकाशित प्रेमप्रकाश मल्लको ‘झरेको पात’ उपन्यास (२०७६) लाई पनि एउटा महत्त्वपूर्ण प्राप्ति मान्न सकिन्छ । पैरवी बुक हाउसबाट प्रकाशित यस कृतिमाथि साहित्यिक, बौद्धिक एवम् शैक्षिक जगत्मा भएका केही चर्चा परिचर्चाहरूबाट यो पङ्क्तिकार पनि प्रस्तुत अध्ययनतर्फ आकृष्ट भएको हो । यसपूर्व समीक्षक नन्दबहादुर के.सी.को लोकतन्त्र पोस्टमा प्रकाशित प्रेमप्रकाश मल्ल र ‘झरेको पात’ (२५ माघ २०७६) र साहित्यकार एवम् समीक्षक

*Copyright 2023 © Author(s) This open access article is distributed under a Creative Commons Attribution-NonCommercial 4.0 International (CC BY-NC 4.0) License.*

वियस राईको साहित्यपोस्टमा प्रकाशित 'झरेको पात' एउटा शान्त आँधी (१० जेठ २०७७) नामक फुटकर समालोचना छापिएको देखिन्छ भने सुर्खेत बहुमुखी क्याम्पसको नेपाली भाषा शिक्षा विभागमा स्नातकोत्तर तह द्वितीय वर्षको नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनका लागि 'झरेको पात' उपन्यासको शैलीवैज्ञानिक विश्लेषण (२०७७) र सोही प्रयोजनका लागि सुर्खेत बहुमुखी क्याम्पसमा गरिएको 'झरेको पात' उपन्यासको समाजभाषिक अध्ययन (२०७८) जस्ता औपचारिक अध्ययन भएको देखिन्छ । उपर्युक्त समीक्षाहरू हेर्दा 'झरेको पात' उपन्यासको कथानक, पात्र, परिवेश, उद्देश्य, भाषाशैली, शीर्षक आदिकै सेरोफेरोमा रहेर चर्चाहरू भएको पाइन्छ ।

प्रस्तुत उपन्यासको भूमिका लेखक, साहित्यकार एवम् समालोचक कृष्ण धरावासीले उपन्यासको भूमिका खण्डमा यस्तो लेखेका छन् :

> यो उपन्यासले मध्यपश्चिमको दुर्गम पहाडको कथा अत्यन्त गह्रौं गरी बोकेर आएको छ । यहीँ बिसाऊँ कि त्यहाँ बिसाऊँ जस्तो गरी दुःखको ढाकर ओरालो झरिरहेको छ । दैलेखको कुनै दुर्गम गाउँ, जहाँ सरकार पुग्दैन, कानुनसँग जनताको उठबस छैन । सयौँ वर्षदेखि जमेर बसेको सामन्ती सत्ता जो त्यहाँको स्थानीय सरकार हो । जनताको प्रतिनिधि भनेको पनि त्यही संस्कृतिबाट हुर्किएको आदर्श हो जोसँग कुनै नयाँ सोच छैन । हरेक घरको चारैतिर फैलिएको छ बाबु, छोरो र लोग्ने । महिलाको शरीर प्रतिष्ठाको विम्ब र अवगालको भाँडो मानिएको छ । महिलालाई कि देवी मान्ने कि वेश्या । बिचमा त उनको कुनै स्थान नै छैन । सन्तान जन्माएर हुर्काउनेदेखि तिनलाई आवश्यक पर्ने सबै कुराको जोहो पनि आमाले गर्नुपर्ने तर शासक छँदै छ मूलढोकामा । बाहिर निस्कँदा पनि सोध्नुपर्छ र भित्र पस्दा पनि । 'झरेको पात', जन्मिदै तीन पाइला हिँडेको उपन्यास (मल्ल, २०७६ पृ. भूमिका खण्ड) ।

त्यसपछि लेखकले 'आफ्ना कुरा' को पहिलो अनुच्छेदमै यस्तो लेखेका छन् :

> यो उपन्यास म बाँचेको युगको यथार्थ विम्ब हो । नेपाली समाजको यथार्थ विम्ब हो र मेरो आफ्नै वैयक्तिक जीवनको पनि यथार्थ विम्ब हो । जीवनका उकाली ओराली अनि अनेक घुम्ती र मोडहरूमा मानिसले कैयन् परिस्थितिहरूसँग साक्षात्कार गर्छ, सङ्घर्ष गर्छ र नयाँ अनुभूति सँगाल्दै अघि बढ्छ । त्यही सार्वभौम यथार्थ प्रस्तुत छ यहाँ मनले ढाँट्न मानेन । कलमले कतै रङ्गाऊँ भन्यो होला । त्यसको रङ कति गाढा छ, म यसै भन्न सक्दिनँ । तर पनि सत्य कुरा जति लेख्न गाह्रो कल्पना लेख्न हुँदोरहेनछ । कसैको मन नदुःखाउन सकिनँ । कति ठाउँमा त आफ्नै मन पनि नदुख्न मानेन । लेख्दालेख्दै धेरै ठाउँमा मन भक्कानिएर आएको हो । आँखाहरू सजल भएका हुन् । तिनलाई चाहे जसरी कलमले टिप्न सकिनँ । आँसुहरूलाई अक्षरमा उतार्न निकै कठिन हुँदो रहेछ । ती पात्रहरू, ज-जससँग आज पनि मेरो प्रायः साक्षात्कार भइरहन्छ, तिनीहरूको दुःखले धेरै पटक पग्लिएको छु । तिनीहरूबाट छुट्टिएर म कहिल्यै एक्लै हुन सकेको छैन । सायद जीवनभरि पनि सक्ने छैन । बरु आज उनीहरूलाई यहाँसम्म ल्याएर बिसाएको छु । यो उनीहरूकै आँसुको कथा हो (मल्ल, २०७६ पृ. आफ्ना कुरा) ।

'झरेको पात' उपन्यासमाथि भएका उपर्युक्त केही अध्ययन विश्लेषण, उपन्यासको पठन र माथि उल्लिखित दुई ओटा लेखनीय सन्दर्भले यस उपन्यासको आञ्चलिकताबारे थप प्राज्ञिक अध्ययन विश्लेषण गर्नुपर्ने आवश्यकता महसुस भएपछि प्रस्तुत लेख सम्भव भएको हो । यसबाट आञ्चलिकतासम्बन्धी केही सैद्धान्तिक अवधारणा तथा आञ्चलिक उपन्यासका तत्त्वहरूका आलोकमा 'झरेको पात' उपन्यासको स्थितिबारे केही प्राज्ञिक जिज्ञासा समाधान होला भन्ने विश्वास लिइएको छ । आञ्चलिकताको परिचय र अर्थ बताउनु एवम् 'झरेको पात' उपन्यासलाई आञ्चलिक उपन्यास बनाउने आधारहरू पहिल्याउनु नै यस अनुसन्धानका उद्देश्यहरू हुन् ।

## अनुसन्धान विधि

प्रस्तुत अध्ययनमा पुस्तकालयीय अध्ययनबाट सामग्रीहरूको सङ्कलन गरिएको छ । विश्लेष्य 'झरेको पात' उपन्यासलाई प्राथमिक सामग्री र त्यस सम्बन्धमा समीक्षा गरिएका पुस्तक, पत्रपत्रिका आदिलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गर्दै तिनको व्यवस्थित र क्रमबद्ध अध्ययन गरिएको छ । उपन्यास आञ्चलिक हो कि होइन भनी सत्यापन गर्ने क्रममा विश्लेषणात्मक र तुलनात्मक विधिको उपयोग गरिएको छ ।

## 'झरेको पात' उपन्यासमा आञ्चलिकता

### आञ्चलिकताको अर्थ

'अञ्च' धातुमा 'अलच्' प्रत्यय लागेर बनेको 'अञ्चल' तत्सम शब्दमा 'इक' तद्धित प्रत्यय पुनः लाग्दा 'आञ्चलिक' शब्दको व्युत्पत्ति भएको देखिन्छ । नेपाली भाषामा प्रचलित यो शब्दले अञ्चलसँग सम्बन्धित भन्ने अर्थ दिन्छ । यसले कुनै मुलुक वा प्रदेशको एक भाग, क्षेत्र वा प्रदेशसँग सम्बन्धित भन्ने कुरालाई समेत बुझाउँछ । यसरी हेर्दा कुनै क्षेत्र वा ठाउँ विशेषको प्राकृतिक परिवेश, सांस्कृतिक मौलिकपन, भाषिक विशिष्टता, जीवनशैली, मनोभाव, लोकविश्वास आदिको समग्र चित्रण गर्ने उद्देश्यले लेखिएको उपन्यासलाई आञ्चलिक उपन्यास भन्न सकिन्छ । अञ्चलमा भूगोल मात्र नभई त्यस भूगोलभित्रको जनजीवन पनि हुन्छ । भूप्रकृति, संस्कृति, प्रवृत्ति, भाषा, आर्थिक अवस्था, वर्ग, जाति जनजाति, इतिहास, राजनीति आदि विविध पक्षहरूको एकीकृत समग्रताबाट बनेको अञ्चल निकटवर्ती अन्य अञ्चलभन्दा भिन्न स्वरूप, प्रकृति र विशिष्टतायुक्त हुन्छ । वेबस्टरले अञ्चलका यिनै विशिष्टताको चित्रण भएको साहित्यलाई आञ्चलिक साहित्य भनेका छन् (सुवेदी, २०६८, पृ. ५२) । आञ्चलिकताले साहित्यिक कृतिमा स्थानीयताको विशिष्ट चित्रणलाई बुझाउँछ । स्थानीय रङ विवरणलाई विशिष्टताका साथ विशेष अभिरुचिले अङ्कन गर्ने र कुनै खास स्थानको विशेष जानकारी दिने उद्देश्य आञ्चलिकतामा रहन्छ (मल्ल, २०५३, पृ. ५९) । आञ्चलिकताले पनि सत्यलाई नै उद्भासित गरेको हुन्छ । यसको उद्देश्य पनि स्थानीय जनजीवनको यथार्थलाई नै देखाउनु रहेको हुन्छ (राई, २०५०, पृ. १८५) । तर अलग्गै सिद्धान्त भने होइन । सिद्धान्त वा प्रवृत्तिका दृष्टिले भिन्न भिन्न प्रकृतिका उपन्यासमा पनि आञ्चलिकताको चित्रण भएको हुन सक्छ (प्रधान, २०६१, पृ. ३१३) । यस्ता उपन्यासमा कुनै खास क्षेत्रको खास अवस्थाको वा जनजीवनको विशिष्ट चित्रण हुन्छ । कुनै खास भूगोलको विशेष सन्दर्भलाई विशेष ढङ्गले उठाइएको हुन्छ । निश्चित भूगोलको सीमाभित्र रही त्यहाँको बोलीभाषा, वेषभूषा, चालचलन, रहनसहन, रीतिरिवाज आदिको स्पष्ट प्रस्तुति रहेको हुन्छ (भण्डारी र अन्य, २०६४, पृ. १७३) । स्थानअनुसार मान्छेका बोलीमा अन्तर पाइन्छ । आञ्चलिक कृतिले कुनै खास स्थानको भाषिक प्रयोगको विशिष्टतालाई औँल्याएको हुन्छ । स्थानीय शब्द, उखान-टुक्का आदिको प्रयोग गरिएको हुन्छ (ढुङ्गेल र दाहाल, २०५९, पृ. १७१) । आञ्चलिकता स्थानीय भौतिक जगतको विशिष्ट अङ्कन मात्र नभई प्रवृत्ति, रहनसहन र मनोभावको विशिष्ट प्रस्तुति पनि हो । आञ्चलिक साहित्यिक कृति सफल र सशक्त ठहरिनका लागि त्यसअन्तर्गतको क्षेत्र, प्रादेशिक भूगोलको दुरुस्त प्रतिकृति भएर मात्र पुग्दैन त्यस क्षेत्रका जाति जनजाति, भाषा, धर्म, संस्कृति, रहनसहन आदिको सशक्त चित्रण समेत आवश्यक रहन्छ (परिश्रमी, २०६९, पृ. ६१) । आञ्चलिकताले कुनै खास स्थानको प्राकृतिक, ऐतिहासिक, सामाजिक, सांस्कृतिक विशिष्टताको उजागर गर्दछ । स्थानीय वातावरण, र हनसहन, प्रकृति, संस्कृति आदिलाई कृतिमा विशेष ढङ्गले चित्रण गरियो भने आञ्चलिक साहित्यको जन्म हुन पुग्छ । गाउँबस्तीका विशिष्ट चरित्रहरूको जीवनशैली, तिनका विचार र परिवेशलाई देखाउनु आञ्चलिकताले सुदूर ग्रामीण बस्तीका उहापोह र स्वभावलाई देखाउँछ । यसमा स्थानीय जीवनको समग्रतालाई सूक्ष्म रूपमा देखाउन खोजिएको हुन्छ । आञ्चलिक उपन्यासहरूमा राजनीतिक घटनाक्रम, द्वन्द्व, आन्दोलन, दाउपेच आदिको प्रस्तुति रहेको हुन्छ (बराल र एटम, २०५८, पृ. ५५) । निष्कर्षमा भन्नुपर्दा आञ्चलिकता भनेको कुनै खास भूगोल वा स्थान विशेषको सामाजिक, प्राकृतिक, राजनीतिक,

धार्मिक, सांस्कृतिक, भाषिक, मनोवैज्ञानिक आदि पक्षको विशिष्ट चित्रण हो । टमस हार्डीको 'वेसेक्स' र शङ्कर कोइरालाको 'खैरिनी घाट' आञ्चलिकताका उत्कृष्ट कृतिहरू हुन् ।

उपर्युक्त विमर्शबाट यही निष्कर्षमा पुग्न सकिन्छ कि कुनै विशेष क्षेत्रको भौगोलिक तथा प्राकृतिक अवस्था, जाति तथा जनजातीय संस्कृति, लोककला र लोकविश्वास, अतीत र वर्तमान स्थिति, बोलीचालीको लवज, स्थानीय लोकगीत तथा सङ्गीत, उखान-टुक्का, शैक्षिक, राजनीतिक तथा आर्थिक अवस्था, पेसाव्यवसाय, आम मनोविज्ञान, चाडपर्व र सामाजिक मूल्य, जीवनशैली लगायतका यावत् विषयलाई महत्त्व दिएर लेखिएको उपन्यासलाई नै आञ्चलिक उपन्यास भनिन्छ । यस्ता उपन्यासमा स्थानीय जनवजीवनका सूक्ष्मातिसूक्ष्म विषयलाई पनि विशिष्ट ढङ्गले उठान गरिएको हुन्छ । त्यस्तो उठानले खास क्षेत्रको अवस्था, वातावरण तथा परिवेश विशिष्ट ढङ्गले चित्रण गर्ने उद्देश्य राखेको हुन्छ । यस्तो चित्रणलाई आञ्चलिकता भनिन्छ । विश्लेष्य उपन्यास 'झरेको पात' लाई भूगोल तथा प्रकृति, समाज, संस्कृति र लोकतत्त्व, आर्थिक तथा राजनीतिक अवस्था, ऐतिहासिक स्थिति, मनोभाव तथा सौन्दर्य र भाषा जस्ता आञ्चलिकताका विशेषताका आधारमा क्रमशः अध्ययन गरिन्छ ।

**उपन्यासमा प्रयुक्त भूगोल तथा प्रकृति**

'झरेको पात' उपन्यासको कथानकले लेखकको जन्म तथा कर्मभूमि दैलेखको डुङ्गेश्वर-५ स्थित दुर्गम गाउँ पाङ्कोटदेखि सुर्खेतको दशरथपुर एवम् बर्दियाको राजापुरकै सेरोफेरोमा फन्को मारेको छ । उपन्यासकी प्रमुख पात्र पार्वतीले बिताएको बाल्यकाल, पढेको विद्यालय र गरेका मेलापात, घाँसदाउरा अनि सारा उकाली ओराली त्यही ठाउँको सेरोफेरोको हो । लोहोरेसँग मिसिन आइपुग्ने मटेली खोला, छाडछाडेको वन, जडीको लेक, विजयकोट, सेर्माकोट, पराजुल, तल्लो डुङ्गेश्वर, पञ्चकोशी, कुइँयाताल, दैलेख बजार (सदरमुकाम), सुर्खेतको दशरथपुर, भेरी र कर्णाली नदीको सेरोफेरो, बर्दियाको राजापुर आदि भौगोलिक स्थानहरू उपन्यासको कथावस्तुमा निकै सशक्त ढङ्गले आएका छन् । उपन्यासमा कोशी नदी, झापा, इलाम, भारतको दार्जिलिङ, कास्की, पाल्पा, स्याङ्जा र कैलाली जिल्लासँग सम्बन्धित कथानक प्रसङ्गहरू पनि छन् । सन्दर्भवस भारत र नेपालका अन्य भूगोलका कुराहरू पनि आएका छन् । तर ती विशिष्ट रूपमा नभएर प्रसङ्गवस आएका सामान्य भूगोलसँग सम्बन्धित कुरा हुन् । बरु मुख्य पात्र पार्वती र सुवासको बाल्यकाल, यौवनकाल, किशोरकाल, प्रेम, बिछोड, वयस्ककाल आदि समयका घटित धेरै घटनाहरू भेरीकर्णालीकै सेरोफेरोमा घटित भएका छन् । यहीँको वनजङ्गल, गाउँबस्ती, साथीसङ्गी र आफन्त, हाटबजार, हिमाल, पहाड र तराई, लेकबेँसी, भञ्ज्याङ, चौतारी, नदी, खोला, ताल र झरनाहरू उपन्यासभरि जीवन चित्र बनेर उभिएका छन् । यिनै भूगोलभित्र बदलिरहने ऋतुअनुसारको सुखदुःख, सौन्दर्य, मानवजीवन तथा सारा पशुप्राणीहरूमा प्रकृतिले पार्ने प्रभाव, बाढीपहिरो र प्राकृतिक प्रकोपबाट उत्पन्न समस्या, खेतीपाती, पशुपालन, फलफूल, जडीबुटी, पुरातत्त्व, इतिहास र पर्यटनका सम्भावनाहरूको जीवन्त प्रस्तुति उपन्यासमा रहेको पाइन्छ । जसलाई उपन्यासका केही प्रसङ्गहरूबाट पनि पुष्टि गर्न सकिन्छ । उपन्यासकी प्रमुख पात्र पार्वतीको असामान्य जन्मबारे उसकी आमाले एकदिन यसरी सुनाएकी थिइन्; ...... धेरै रोइँ । माइती देउतालाई सम्झीँ । तिनतारे जडीको लेकमाथि पुग्या बेला तँ जन्मिइस् । च्याँ ...... च्याँ गरेर तँ रोइस् । त्यै रुवाइ पनि म आमाबाहेक सुन्नी कोइ थिन (मल्ल, २०७६, पृ. ३) ।

भर्खर भर्खर सुवाससँगको इन्द्रेणी प्रेममा परेकी पार्वतीले एकदिन त्यो सुन्दर कुइँयाताललतिर संगीहरूसहित काफल खान जाँदाको वर्णन यसरी गरेकी छ :

> सबै जम्मा भएर हिँडेको करिब दुई घण्टापछि हामी गन्तव्यमा पुग्यौं । कुइँयाको त्यो सुन्दर लेख र संसार देखिने त्यो अग्लो डाँडा । हरियो घना जङ्गलको बिचमा त्यो सुन्दर ताल । फलफूल र पशुपन्छीको रजगजले झन् यो धरतीमा यति सुन्दर स्वर्ग पनि कसरी लुकेको होला भैँ लाग्थ्यो" (मल्ल, २०७६, पृ. ४१) ।

दाइ दमनध्वजको अत्याचार सहन नसकी बुबामुमासँग सुर्खेतको दशरथपुरस्थित मितबुबाकहाँ बस्न पुगेकी पार्वतीलाई गाउँ माओवादी र सेनाको दोहोरो चपेटामा परेको कुरा नेपालगन्जबाट आएर बुबाले सुनाउँदा उसले यस्तो भनेकी छ :

त्यस राम मेरा आँखा काँचाका काँचै रहे । मनमा एक लहर आउने र एक लहर जाने भइरह्यो । गाउँको माया झलमली सम्झनामा आइरह्यो । कस्तो भयो होला मैले धुलोमाटोमा लडीबुडी खेल्दै हुर्किएको त्यो गाउँ ? कस्ता भए होलान् साथीसँगीहरूसँग डुलेका ती वनपाखा ? प्रत्येक बाटागौँडा, मानिस, पशुपन्छी र खोलानालाहरूको याद आइरह्यो (" पृ. ९२) ।

प्राकृतिक प्रकोपको एउटा तितो दृष्तान्त यस्तो छ :

"त्यहाँ घाम लागे पनि भित्री लेक बर्सिएको रहेछ । एक्कासि खोलामा ठुलो बाढी आयो । कतिका गाईबाखो बग्दै आए । खोलाले आफ्नो सेरोफेरोका सबैलाई बढार्दै लग्यो" (मल्ल, २०७६, पृ. २४) ।

बुबालाई भेरी र आमालाई आफ्नै जन्मभूमिमा वर्षौंपछि गुमाएर टुहुरी बनेकी पार्वती अन्ततः राजापुर पुग्छे । त्यहाँ पनि एकदिन अचानक भिनाजुको निधन भएपछि दिदीहरूसँगै पहाड फर्किने दिन नजिकिँदै गर्दा यसले आफ्नी साथी फुलमतीसँग आफ्नो जीवनलाई बेलीसँग तुलना गर्दै निराशा पोखेकी थिई । बदलामा फुलमतीले यसरी सम्झाई, "त्यसो नभन्नु न दिदी ! यो संसारमा हरेक वस्तुको आफ्नै अस्तित्व छ । आआफ्नै पहिचान र महत्त्व बोकेर बसेका छन् सबै । बेलीले दिने पुनर्जीवन चमेलीले नदिन पनि सक्छ मान्छेलाई । तपाइँ त फेरि पहाडी काखमा फुल्ने लालीगुराँस हुनुहुन्छ" (मल्ल, २०७६, पृ. १३८) ।

राजापुरमा केही वर्ष बिताएर आफ्नै गाउँमा फर्किन विवश पार्वतीलाई सुवासको सम्झना, आफन्तहरूको व्यवहार आदिले झन् झन् निराशा दिन थालेपछि उसले त्यो वैराग्य जीवनमा प्रवेश गर्दासमेत आफ्नै भूगोलको मोहबाट पर पुग्ने निर्णय गर्न सकेकी छैन :

> सन्यासी जीवनमा प्रवेश गर्दाको पहिलो सर्त हो अरे सांसारिक मोहको त्याग । त्यो त्याग गर्दाको पहिलो खुट्किलो हो अरे तीर्थव्रत र दानदक्षिणा । सोचेँ, अब यो पहिलो सर्तका लागि तीर्थव्रत सुरु गर्छु तल्लो डुङ्गेश्वरबाट । अनि पादुका पुग्छु । त्यसपछि धुलेश्वर, शिरस्थान र नाभिस्थान हुँदै कोटिलामा गएर टुङ्ग्याउँछु । अनि फेरि पुग्छु तल्लो डुङ्गेश्वर । आजसम्मका सबै दुःखपीडा र तृष्णाहरूलाई कर्णालीमा सातचोटि डुबुल्की मार्छु र बगाइदिन्छु । त्यसपछि म गङ्गा जस्तै पवित्र हुन्छु र त्यही पवित्र आत्मा लिएर सन्यास ग्रहण गर्छु । गर्न पनि सोचेअनुसारकै गरेँ" (मल्ल, २०७६, पृ. १५५) । ....

सन्न्यस्त जीवनमा प्रवेश गरेकी पार्वतीलाई अचानक एकदिन नवजात शिशु भेटिएपछि पुनः सांसारिक मायाले गाँज्यो । शिरस्थानबाट भागेर मितिनी दिदीको घर हुँदै कुँइयातालको नजिक नयाँ गृहस्थीमा लागेकी उसले यसो भनेकी छ :

> छोरो स्कुल जान्थ्यो । छोरी भर्खर बोल्न सिकेकी थिई । ऊ मेरी घरकी साथी । उसको बाललीलाले कहिले हँसाउँथ्यो, कहिले रुवाउँथ्यो । गौमाता र दहीगोरसको कमी थिएन । चराचुरुङ्गीहरू पनि सधैँ नयाँ नयाँ भाका सुनाइरहन्थ्ये । पाखाभरि तरेली परेका अनेक जाता बटवृक्ष र तसलतिकाहरूले जङ्गल घना र पवित्र थियो । त्यति धेरै सम्पन्न्तामा त संसारका थोरै भाग्यमानी मानिसले मात्रै बाँच्न पाउँथे होला" (मल्ल, २०७६, पृ. १८०) ।

उपर्युक्त सन्दर्भहरूबाट प्रस्तुत उपन्यासको कथानकको आधारभूमि प्रमुख पात्र पार्वती र अन्य पात्रहरूको गाउँघरभन्दा जति टाढा जान खोजे पनि अन्ततः भेरीकर्णालीलाई छोडेर कहीँकतै नगएको स्पष्ट हुन्छ । बरु त्यहीँको भौगोलिक एवम् प्राकृतिक सौन्दर्य, प्रकृतिजन्य सुखदुःख, त्यसले पात्रहरूको जीवनमा पारेको गहिरो प्रभाव, जीवनशैली तथा चिन्तनशैली जस्ता भूगोल तथा प्रकृतिको उपजलाई उपन्यासमा सबल ढङ्गले प्रयोग गरिएको छ ।

## उपन्यासमा आएको समाज, संस्कृति र लोकतत्त्व

'झरेको पात' उपन्यासले मूलतः ग्रामीण नेपाली समाजको जनजीवनलाई प्रस्तुत गरेको छ। यस्तो गाउँ, जहाँ ब्राह्मण, क्षेत्रीठकुरी, वैश्य र शुद्र आदि सबैको बहुपहिचानयुक्त जीवन छ। गुरुङ, मगर , क्षेत्री, ठकुरी, बाहुन, कामी, दमाई, सार्की, गन्धर्व आदि सबैको सहअस्तित्व र सांस्कृतिक समिश्रणबाट गाउँ बहुरङ्गी इन्द्रेणी बनेको छ। उपन्यासमा प्रयुक्त पात्रहरूको मुख्य पेसा कृषि हो। कृषि भन्नेबित्तिकै पशुपालनहरू पनि सँगै जोडिएर आउने नै भए। कृषि कर्ममा हुने अर्मपर्म, मेलापात, घाँसदाउरा र गानाबजानाले उपन्यासभरि पाठकको मन तानिरहन्छ। हिन्दुधर्मावलीहरूले गर्ने पूजापाठ, विवाह, व्रतबन्ध, काजक्रिया आदि घटनैपिच्छे देखिन्छ उपन्यासमा। पुनर्जन्म, आत्मा बोलाउने, धामीझाँक्री गर्ने, देवीदेउता पुज्ने, खडेरीमा पानी माग्न जाने आदि अनेक लोकविश्वासहरू पनि उपन्यासमा देखिन्छ। कथित उच्च जातवर्गकाले देखाउने अहङ्कार, पुरुषसत्ताको दबदबा, कमजोर र निमुखाप्रति टाँठाबाटाहरूले गरेको अत्याचार, अशिक्षा र गरिबी, माओवादी युद्धमा त्यसको प्रभाव, रक्सी, जुवातास, अन्यले र बहुविवाह आदि समाजका अनेक सांस्कृतिक गतिविधिहरू उपन्यासमा यथार्थ ढङ्गले प्रस्तुत भएका छन्। चाखलाग्दो विषय त के छ भने गुरुङ मगरले मात्र मारुनी नाच्दैनन् त्यहाँ। उनीहरूभन्दा बेसी ठकुरीक्षेत्री र बाहुनहरूले दिल दिन्छन् त्यसमा। अन्य जातिहरूको पनि सहभागिता हुन्छ नाचमा। रत्यौलीमा यानीमाया, सानीमाया, हाबरै मात्रै चल्दैन; बउजु, ए साली पख पख आदि पनि समानान्तर ढङ्गले चल्छ। अलि पछि त दोहोरी, भ्याउरे र ठाडो भाका (पुर्बे) पनि चल्छ। गोठाला, घाँसदाउरा, माछा मार्ने, सिकार खेल्ने र पर्वअनुसारका रमाइलाहरू त झन् सामान्य नै भइहाले। यी सबै पहाडमा बस्ने गाउँलेहरूका कुरा हुन्। सँगसँगै राजापुरमा बस्ने थारूहरूको संस्कृति पनि उपन्यासमा देख्न पाइन्छ।

कर्णाली प्रदेशका अन्य ठाउँहरू जस्तै दैलेखमा पनि दुई ओटा समुदाय बसोबास गर्दछन्। एउटा ठूलो समुदाय छ जसलाई जिम्दारे भनिन्छ। यो देउडा संस्कृति भएको पश्चिमे समुदाय हो। एउटा अलि सानो समुदाय छ जसलाई पूर्बे भनिन्छ। यो पर्वत बाग्लुङ जिल्लातिरबाट बसाइँ सरी आएको समुदाय हो। यसको सांस्कृतिक पहिचान मारुनी, टप्पा, भ्याउरे, ठाडो भाका आदि हो। भाषा, वेषभूषा र रहनसहनका हिसाबले यी समुदायका बिचमा आज पनि थुप्रै भिन्नताहरू पाइन्छन्।

पार्वतीकी मुमा जिम्दारेकी छोरी हुन्। त्यसैले उनले घाँस खसाल्दै गर्दा यस्तो गीत गाएकी थिइन्, "एक मेरो माग्याको गोरु एक फुत्कने फाली, म पऱ्याँ कर्मका घर कर्म रैछ जाली" (मल्ल, २०७६, पृ. १)।

साउन लागेपछि गाउँमा तिज सुरु हुन्छ। हरेकको घरमा पालैपालो हरेक रात तिजको नाचगान हुन्छ। त्यहाँ तिज मात्रै नाचिँदैन; सँगसँगै दोहोरी र भ्याउरे पनि चल्छ। दहीकेरा, प्रसाद आदि खुवाइन्छ। युवायुवतीहरूले मात्र होइन, बुढाबुढीहरूले पनि मौका छोपी ठाडोभाका गाउँछन्। यो फेरि पुर्बे ठाडोभाका हो, "हिउँदाले कटेरामाथि खरैकोमा पुली छ, कर्म मेरो लेखने बेला भाविनीले भुली छ" (मल्ल, २०७६, पृ. ४८)।

तत्कालीन समयमा त्यो समाजमा छोरीहरूको अवस्था कस्तो थियो भन्ने कुरा देखाउन पार्वतीको यो कथन मात्र पनि सान्दर्भिक हुन सक्छ, "तिनताका गाउँमा थोरै छोरीहरूले मात्र स्कुलमा खुट्टा राख्न पाउँथे। शुभसाइत पारेर एकदिन बुबाले मलाई पनि भर्ना गरिदिनुभयो" (मल्ल, २०७६, पृ. ७)।

त्यसै गरी ग्रामीण जनजीवन, नारीहरूको अवस्था, संस्कार आदिबारे पार्वतीले आफ्नी आमाका सम्बन्धमा गरेको यो वर्णनले पनि थुप्रै कुरा बुझ्न सकिन्छ :

> कानमा जाँतोको गररर आवाज आइरह्यो। अडकल काटेँ, बिहानीपख भएछ। मुमा दाल दल्दै हुनुहुन्छ। बाहिर पानी हिजो सुत्ने बेलाको जत्तिकै बर्सिरहेको छ। अझै उठ्नु पर्दैन हामीलाई। सोचेँ, अब मुमाले पानी ल्याउनु हुन्छ। दैलोकुच्चो गरेपछि लिपपोत गर्नुहुन्छ र दैलोमा जल राख्नुहुन्छ। जल राखेपछि फूलपाती पनि राख्नुहुन्छ। अनि बाजेबज्यैलाई ढोग्नुहुन्छ र बुबालाई

ढोगेर जल खानुहुन्छ । त्यसपछि दुहुने लाउने र अर्नीको पालो आउँछ । हो, हामीले त्यसै बेलासम्म उठे हुन्छ। फेरि दुःख लाग्यो मनमा, बिचरा ! मुमालाई पानी लिन आधा घण्टाको बाटो जानुपर्छ। उहाँलाई सधैँ साथ दिने कुकुर पनि अस्ति उतैबाट बाघले टिपेर लगिदियो। अब उसले मुमालाई मात्र टिप्न बाँकी छ। तर मुमा डराउनुहुन्न त्योसँग किनभने त्योभन्दा ठूलो बाघ त हाम्रै घरमा छन् । उसले खाए एकैपटक मात्र खाला तर घरको बाघले त उहाँलाई जीवनभरि खाएको खायै छ । मनमा कुरा खेल्दाखेल्दै छ्याङ्गै उज्यालो भइसकेछ । बुबाहरू कराइपछि जऱ्याकजुरुक उठ्यौँ" (मल्ल, २०७६, पृ. २०) ।

मारुनी नाचको यो सन्दर्भले पनि त्यहाँको सांस्कृतिक जीवन्तता झल्काउँछ। जस्तै : बिजबारे स्टकोट र फरियामा सिँगारिए । खाँगर, पटुका, फेटा र सेलीमा सजिए । अनि गुनिउँ चोली, घलेक र पछ्यौरामा चिटिक्कै परे मारुनी । शिरमा शिरबन्दी कति सुहाएको ! गलामा माला, हातमा ठोकाबाला र पाउमा कल्ली पनि उस्तै । उनलाई गहनाले झकिझकाउ पारेपछि फेरि तन्त्रमन्त्रले बन्धन बाने । अनि गुरु मादल ठोकेर सरस्वती कामेपछि बल्ल सुरु गरे नाचगान । गाउँलेहरूले सबैभन्दा पहिलो देवीदेवतालाई सम्झिए । सरस्वतीदेखि तेत्तिसकोटि देवतासम्म । पातालका वासुकीदेखि स्वर्गका इन्द्रजीसम्म । धर्तीका भुमेसिमेदेखि आकाशका चन्द्रसूर्यसम्म" (मल्ल, २०७६, पृ. ५०) ।

हामी बहुसङ्ख्यक नेपालीहरू दसैँलाई सबैभन्दा ठूलो पर्व मान्छौँ । टीकाको अवधिभरि आफ्ना नातागोताभित्रका मान्यजनहरूसित टीका र आशीर्वाद थाप्छौँ । तर त्यहाँ भने यसका अतिरिक्त गाउँका मुख्य मान्छे मानिएकाहरूसँग पनि सबैले टीका थाप्ने चलन रहेछ जुन कुरा पार्वतीको निम्न अभिव्यक्तिबाट ज्ञात हुन्छ :

टीकाको दिन गाउँभरिका मान्छेले बुबासँग टीका थापे । सधै झैँ सरङ्गी खेल्नेले खेले । जाँडर क्सी, भट्यौरा र बिरम्ला खानेले खाए । नखानेले रोटी र सगुन खाए । तर त्यतिका वर्षपछि छोरो घरमा आएको दसैँ जति होला भन्ने सोचिएको थियो, त्यति भएन । साँझसम्म पनि बाटो हेऱ्यौँ तर दाजु आउनुभएन" (मल्ल, २०७६, पृ. ५४) ।

पार्वतीको दाइ दमनध्वजको विवाहको यो प्रसङ्गले पनि तत्कालीन समयमा त्यहाँको सांस्कृतिक पहिचान दिन्छ :

मंसिरको महिना । टोलभरिका बुढापाकाहरूलाई तातो पस्यो । काजी, छिमेकीहरूलाई तातो पस्यो । त्यसरी तातो पस्दापस्दै त्यो दिन पनि छिट्टै आइपुग्यो । राजदेउ मान्नुपर्ने ठाउँमा मानिए । पुज्नुपर्ने ठाउँमा पुजिए । अनि सबै विधि पुऱ्याएर जन्ती उठ्यो । बाइस ताल बाजाको तालमा ताल मिलाएर नाच्नेहरू नाचे । तरबार नचाउनेहरूले नचाए । जन्त जाने र हेर्न आउनेहरूको भिड लाग्यो । सबैको अनुहारमा उस्तै कान्ति थियो । त्यही कान्तिसँगै बाजाले ट्युट्यु .... भ्याइँभ्याइँ .... को ताल निकालेपछि जन्ती अघि बढ्यो ।

लोकविश्वासहरू पनि अनेक खालका छन् गाउँमा, एकाबिहानै सुलीमा काग करायो । बुबा भन्दै हुनुहुन्थ्यो, "को पाउना आउँछन् आज ।" "खै त, भाइ आउँछ कि !" (मल्ल, २०७६, पृ. ५०) ।

पानी नपरेर हाहाकार भएको बेला सारा जम्मा भएर खोलाको शिर र पहाडको फेदीमा पूजा गरी पानी माग्न जान्छन् । यहाँ पार्वतीकी आमासँगै मैसरी आएर यस्तो कुरा गर्छे :

"यी .... काँबाट आउँथे र मैयाँसाइप । घरमा मुसा मार्ने अन्न छैन । खडेरी परेर यस्तो छ । त्यसै बैरागिएर हिँडेइ छु । हेर्नुस् त, काँ के भएर यस्तो भो भन्याको त ऊ ... पारि खत्रीकी छोरी ड्यामड्यामती छिन् रे । अब त्यो छिनोपानो नभएसम्म काँ पानी पर्ला मैयाँ, काँ" (मल्ल, २०७६, पृ. ७१) ।

पहाडी समुदायमा मात्र कहाँ हो र; नारी तथा कमजोर वर्गमाथि थिचोमिचो गर्ने चलन थारू समुदायमा पनि उस्तै देखिएको छ । फुलमतीकी सासूलाई बोक्सीको आरोपमा कुट्ने अटवारीकै पक्षमा

लागेर बडघरले समेत फुलमतीलाई यस्तो भन्छ, "अइ पतोहिया, यी पञ्चायसे बरवार क्युँ फे नाइँ होए सकी । टुँही अप्नह जानक पर्ना रह, नैहुइलसे और जहनके कहलट ट मान परल ! काल उजुरबाजुर चली टो अड्डाअडालत जवैया हम्रह त हुइबी" (मल्ल, २०७६, पृ. ११८) ।

फरक समुदायको सांस्कृतिक पहिचान पनि छ उपन्यासमा । जस्तै, "कृष्णाष्टमीदेखि सखिया सुरु हुन्छ थारू गाउँमा । मध्य राचिसम्म घन्किरहने मादलले जाऊँ जाऊँ लागिरहन्छ नाचमा । हाम्रो टोलका बडघर हेलुराम दाइको घर पनि त्यति टाढा थिएन । गीत नसुनिए पनि 'ताउँ घेदाउँ घेल' को आवाज आइरहथ्यो कानमा" (मल्ल, २०७६, पृ. १३४) ।

नेपाली समाजको एउटा महत्त्वपूर्ण विशेषता मित्रता पनि हो । हाम्रो संस्कारमा नालनाताभन्दा टाढाका व्यक्तिहरूका बिचमा मित लगाएर कैयन् पुस्ता पछिसम्मका सन्ततिलाई नाता जोडिदिएर स्तुत्य कार्य गर्ने प्रचलन छ । यो उपन्यासमा पनि यस्तो संस्कृति देखिन्छ । दाजुको प्रताडनाबाट आजित भएर पार्वती आफ्ना मातापितासँग वर्षौंवर्ष मितबुबाको शरणमा बस्छे । अन्तिम समयमा पनि ऊ मितिनी दिदीकै शरणमा देखिन्छे । ठुलो परिवारमा सबैको मन मिल्न गाह्रो हुने देखेपछि छुट्टिनका लागि पार्वतीले भिनाजुसँग भनेको यो प्रसङ्गको जवाफमा मितिनी दिदीले दिएका यी अभिव्यक्तिहरूबाट पनि त्यो कुराको पुष्टि हुन्छ :

भिनाजु ! त्यस्तो भनेर हामीलाई ह्याँभन्दा बढी ऋणी नबनाइदिनुस् । आजसम्म आश्रय दिएर यति धेरै गुन लगाउनुभयो । यो गुन तिर्न कम्तीमा पनि तिन जुनी त हजुरहरूकै लागि लिनुपर्ने भयो अब हामीले । त्यसैले .... (मल्ल, २०७६, पृ. १७६) ।

बैनी ! तिमी केही नभएकी हौ र ? डाँडैभरि माइती छन् । आफन्त र शुभचिन्तक पनि उत्ति छन् । तैपनि तिम्रो मनले हामीलाई नै आफ्नो ठान्यो । 'सात गोत्र एक मित्र' उसै भन्या हुन् र पुर्खाले (मल्ल, २०७६, पृ. १७६) ।

उपर्युक्त तथ्यहरूबाट मात्र पनि 'झरेको पात' उपन्यासमा ग्रामीण लोकसंस्कृति, विश्वास, चालचलन, सामाजिक मूल्यमान्यता, लोकगीत, जनजीवन आदिको विशिष्ट उपस्थिति रहेको स्पष्ट हुन्छ । लेखकको जन्मभूमि र कर्मभूमि दुबै ठाउँको समाज, संस्कृति र लोकतन्त्र आउने क्रममा थारू संस्कृति, चालचलन, भाषा, लोककला, विश्वास, जनजीवन आदिको पनि उपन्यासमा गहन उपस्थिति रहेको पाइन्छ ।

## उपन्यासमा चित्रित आर्थिक तथा राजनीतिक अवस्था

कुनै पनि ठाउँको भूगोल, संस्कृति, शिक्षा, विकास, जातीय अवस्था, पेसाव्यवसाय आदिले त्यो ठाउँको आर्थिक तथा राजनीतिक अवस्थामा प्रभाव पारेको हुन्छ । यो उपन्यासमा मूलतः निम्न तथा मध्यम वर्गीय नेपाली समाजको चित्रण भएको देखिन्छ । अत्यन्त कमजोर आर्थिक अवस्था भएका पात्रहरू मध्यम तथा कथित उच्च वर्गीय भनिएका परिवारहरू कहाँ हलीगोठाला र कमाराकमारी बस्ने तत्कालीन अवस्थाबारे उपन्यासका पात्रहरू झुरी, धौली, लाटा, जुठेदाइ, फुलमतीकी आमाछोरी आदिबाट बुझ्न सकिन्छ । त्यसै गरी खेतीपाती र पशुपालन गर्ने, व्यापार गर्ने, वैदेशिक रोजगारीमा जाने र भारी बोकेर जीवनयापन गर्ने सामाजिक जीवनका वास्तविकताहरू पनि उपन्यासमा देख्न सकिन्छ । राजनीति भनेको समाज सञ्चालन, व्यवस्थापन र रूपान्तरण गर्ने मूल नीति हो । तर उपन्यासमा यो सत्ता एउटा निर्वाचित सत्ताका रूपमा अस्तव्यस्त देखिन्छ भने अर्को समाजमा कथित ठुलाबडाहरूको निमुखाहरूमाथि थिचोमिचो गर्ने सत्ताका रूपमा देखिन्छ । लैङ्गिकताका दृष्टिले हेर्दा पुरुषसत्ताको बोलवाला रहेको पाइन्छ भन्ने जातीय आँखाले हेर्दा कथित माथिल्ला जातकाहरूले दलितहरूमाथि शोषणदमन गरेको पाइन्छ । लामो समयसम्म चलेको माओवादी सशस्त्र क्रान्तिले देशको शान्ति, विकास र न्यायमा पारेको प्रभाव तथा राजतन्त्रको अन्त्य भई गणतन्त्रको स्थापना भइसकेपछि पनि समाजमा अपेक्षित शान्ति, विकास, न्याय र समानताको स्थापना हुन नसकिरहेको कुरा पनि उपन्यासमा निकै पेचिलो ढङ्गले उठेको देखिन्छ ।

गरिबी र अशिक्षाका कारण सामदाम, दण्ड र भेदको सिकार नेपाली राजनीति हुँदै गइरहेको सङ्केतसमेत उपन्यासमा पाइन्छ ।

पार्वतीले भनेका यी कुराहरूबाट तत्कालीन समाजको गरिबी र अन्य अवस्थाको बोध हुन्छ, "मुमा डराउनुभयो । थाहा थिएन मलाई राम्रोसँग, धौली गोठालो हो हाम्रो घरको तर मुमा चाहिँ त्योभन्दा ठुली सुसारे" (मल्ल, २०७६, पृपृ. ३-४) ।

जुम्लाका मानिसले गाउँमा आई नुन र ऊनको व्यापार कसरी गर्थे भन्ने कुरा यो सानो सन्दर्भबाट पनि बुझ्न सकिन्छ :

भोलिपल्ट बिहानै आए हाम्रा इष्ट इतिमना । बाजेले सोध्नुभयो,

"कस्तो छ त इष्टौ अैलेको भाउ, सरी हो कि दुने ?"

"अ, आफ्ना इस्टकन सरी नै दिँदा छौँ अैले ।"

त्यसपछि मुमाले चौबिस पाथी नुन लिनुभयो र चौबिसै पाथी मकै दिनुभयो उनलाई (मल्ल, २०७६, पृ. ९) । ....

वि.सं. २०४६ सालको राजनीतिक परिवर्तनको समेत अवस्था अभिव्यक्त भएको प्रस्तुत उपन्यासमा नेपालको संघीय गणतन्त्रात्मक संविधान २०७२ को कार्यान्वयनसम्मको यथार्थ अवस्था झल्किएको छ । यो संविधान निर्माणको पूर्वसन्ध्यामा उठेका आवाज र टीकापुर घटनाको केही दिनअघि कैलालीमा आत्मा हेराउन जान्छौँ भन्ने पार्वतीलाई भिनाजुले सम्झाएको यो प्रसङ्गले पनि तत्कालीन राजनीतिको चित्र देखाउँछ, "पर्दैन जान । हेर त देशको अवस्था कस्तो छ ? भूकम्पले छियाछिया बनाएको देश अझ यति बेला संविधान निर्माणको संवेदनशील घडीमा छ । उता मधेश आन्दोलन छ । यता थारूवान, थरुहट आन्दोलन छ । पहिचानको नाममा जातीय द्वन्द्व सिर्जना हुन्छ कि भन्ने डर छ कतै" (मल्ल, २०७६, पृ. १२४) ।

समाजमा राजनीति जस्तो गरिमामय कुरा आजका राजनीतिक दल र तिनका कतिपय भ्रष्ट नेताहरूले गर्दा कतिसम्म घृणा र उपहासको विषय बनेको छ भन्ने कुरा फुलमतीले स्थानीय चुनाव लड्ने सल्लाह माग्दा पार्वतीले भनेको यो सानो सन्दर्भबाट मात्र पनि छर्लङ्ग हुन्छ, "किन ? कहीँ काम नलाग्ने भइस् ? हेर बाबु ! चुनाव तँ जस्ताका लागि होइन, बुझिस्" (मल्ल, २०७६, पृ. १६८) ।

यसरी 'झरेको पात' उपन्यासमा आर्थिक तथा राजनीतिक अवस्थासम्बन्धी विशिष्ट आञ्चलिक परिवेश देख्न सकिन्छ ।

## उपन्यासमा उल्लेख भएको ऐतिहासिक स्थिति

आख्यान भन्ने बित्तिकै हामी बितेका घटनाहरूको कार्यकारण सम्बन्धसहित अघि बढेको आकर्षक कथा भन्ने बुझ्दछौँ । यसरी हेर्दा इतिहासलाई कलात्मक ढङ्गले बोक्नु आख्यानको धर्म हो । यसलाई पालन गर्ने सिलसिलामा कुनै ठाउँ विशेषको ऐतिहासिक अवस्था आञ्चलिक उपन्यासमा झल्किन्छ । अन्य ऐतिहासिक सन्दर्भहरूलाई छोड्ने हो भने प्रस्तुत उपन्यासले निरङ्कुश राजतन्त्रको ढल्किँदो बैँसदेखि संघीय गणतन्त्रमा मुलुक प्रवेश गरिसकेको करिब ४ दशक लामो जीवन्त ऐतिहासिक यात्राका उतार चढावहरू उपन्यासले धारण गरेको देखिन्छ । पार्वतीहरू हुर्केको परिवेशमा त्यति बेलाको शिक्षा र सामाजिक चेतनाको अवस्था, जन्ममृत्यु, विवाह, चाडपर्व, खेतीपानी, व्यापार, जात्रामेला, सैसिकार गर्ने चलन आदि अनेक अवस्थामा गरिने क्रियाकलाप, माओवादी युद्धले पारेको प्रभाव, हुनेखाने र हुँदा खानेहरू बिचको खाडल, अनेक विश्वास र अन्धविश्वासमा बाँचेका मानिसहरूको स्थिति जस्ता कुराहरू उपन्यासबाट सहजै बुझ्न सकिन्छ । यस्ता कृतिहरूबाट हाम्रो समाजका कैयौँ अलिखित इतिहासहरूको समेत बोध हुन सक्छ । यस उपन्यासमा पनि गाउँका थुप्रै तत्कालीन अवस्थाहरू लिपिबद्ध भएका छन् ।

भेडाद्वारा ल्याइएको नुनसँग मकै साट्ने प्रसङ्ग आजको पुस्ताका लागि एउटा इतिहास हुन सक्छ । जुम्लाबाट आएका रतिमनाबारे पार्वतीले भनेकी छ, ".... भारीतारी बनाउँदै उनले नासोका

पोकाहरू खोले । दुईचार छाक आलु र सिमी निकाले । चिप्लेकिरा, कटुको र सतुवा झिके । देवारतेल, शिलाजित र अलिकति कस्तुरी पनि राखिदिए । त्यतिन्जेलसम्म टोलाइरहेका हामी ओखर पाएपछि भने खुसीले आकाश छुन थाल्यौं" (मल्ल, २०७६, पृ. ९ र १०) ।

सशस्त्र छापामार युद्धमा होमिएको सुवासले पार्वतीलाई लेखेको चिठीमा प्रयुक्त, यो भनाइले पनि तत्कालीन समयको झल्को दिन्छ, ".... हेर त, यो सरकारबाट मैले धेरै यातना भोगें । विद्यार्थी सङ्गठनमा आस्था राखेकै आधारमा यो प्रशासनबाट कतिपटक छोपिएँ, कुटिएँ र अपमानित भएँ । त्यसैले अब म कम्रेड विवेकहरूसँगै भूमिगत हुँदै छु" (मल्ल, २०७६ : पृ. ८८) । ....

जबरजस्ती गरिदिएको विवाहबाट पीडित भएर युद्धमा होमिएकी चन्द्रालाई दशरथपुरमा पार्वतीले अचानकको भेटपछि बिदाइ गर्दा यसो भनेकी छ, "छुट्टिने बेला उसको झोलामा पन्ध्रबिस ओटा अर्सा, भुटेको भटमास र अलिकति चिउरा राखिदिएँ । अर्की केटीले जस्तै उसले पनि सटपाइन्ट र हरिया जुत्ता लगाई । दुईतिन ओटा ग्रिनेट, ठेली र केही पुस्तकहरू झोलामा मिलाई अनि बिदा मागी" (मल्ल, २०७६, पृ. ९७) ।

द्वन्द्व र अन्य विविध कारणले गाउँ कस्तो भएको छ भन्ने कुरा उपन्यासकी पात्र मैसरीको यो कथन पनि कम्ती मन छुने छैन :

राम्रा मान्छे कसैले गाउँ छोडे, कसैले धरती छोडे । गाउँ जस्ताको तस्तै छ । हामी पनि उस्ताका उस्तै छौं । हुर्किएका छोराछोरीले आमाबुबालाई छोडेर गए जस्तै सबैले छोडे गाउँलाई । सबै सहेर बसेको छ मैयाँ गाउँ त । हजुर हामी जस्तै चोटै सहेर बाँचेको छ यो पनि (मल्ल, २०७६, पृ. १०६) ।

उपन्यासमा राजापुर क्षेत्रको केही ऐतिहासिक प्रसङ्ग फुलमतीले आफूलाई सुनाएको कुरा पार्वतीले यसरी सङ्केत मात्र गरेकी छ, ".... ऊ कहिले खलियान आन्दोलन र राणाहरूको कथा सुनाउँछे । कहिले खैरी युवराज, भरत, दमनध्वज, हेलुराम र शालिग्रामहरूको कथा सुनाउँछे । अनि कहिले थारूहरूको चोख्याउनी र कारुणिक इतिहास सुनाउँछे" (मल्ल, २०७६, पृ. १२१) ।

इतिहासमा सम्झनै नसकिने थुप्रै घटनाहरूमध्ये टीकापुर घटना पनि एक थियो । त्यो घटना घट्नुभन्दा दुई दिन अघि त्यहाँ भएका जनसभा र त्यसको विकराल रूप पार्वतीले यसरी वर्णन गरेकी छ :

> ......... सोच्दासोच्दै त्यो विशाल र्‍याली आमसभामा परिणत भयो । कार्यक्रम चलाउने विश्राम चौधरी । सभापति रेशम चौधरी ! आसन ग्रहण, स्वागत भाषण र भाषणहरूमा झन् झन् ताली चर्किन थाल्यो । टीकापुर बजार जुरुक जुरुक उचालिन थाल्यो । सुरेन्द्र चौधरी, अमरेशकुमार, राजेन्द्र महत्तो र उपेन्द्र यादवका डरलाग्दा भाषणहरू झन् डरलाग्दा सुनिन थाले" (मल्ल, २०७६, पृ. १२९) ।

यसरी उपन्यासका कथानक प्रसङ्गहरूले समग्र देशका साथै अझ विशिष्ट ढङ्गले तत्तत् क्षेत्रहरूको आञ्चलिक इतिहासलाई जीवन्त रूपमा अभिव्यक्त गरेको छ । समाजमा रहेका कैयौं लिखित अलिखित इतिहासलाई जीवित तुल्याउनु यस स्तरको आञ्चलिक उपन्यासको शक्ति हो ।

## उपन्यासमा व्यक्त मनोभाव तथा सौन्दर्य

व्यक्तिको मनको भाव, सोचाइ एवम् बुझाइ नै मनोभाव हो । समाज, संस्कृति, भूगोल, प्रकृति, लोकतन्त्र, इतिहास, पारिवारिक तथा शैक्षिक अवस्था, पेसाव्यवसाय आदिले एक प्रकारको सामूहिक मानसिकता, सोचाइ, धारणा आदिको विकास भएको हुन्छ । यसरी विकास हुने मनोभावलाई विद्वान्हरूले बाह्य र आन्तरिक गरी दुई प्रकारमा बाँड्ने गरेको पाइन्छ । यस आधारमा व्यक्ति आफ्नो र आफूप्रतिको भावलाई आन्तरिक तथा अरूको र अरूप्रतिको भावलाई बाह्य मनोभावका रूपमा चिनाउने गरिन्छ । आञ्चलिकताका सन्दर्भमा कुनै क्षेत्रमा बसोबास गर्ने मानिसले आफूहरूका बारेमा बुझ्ने कुरा आन्तरिक हुन्छ भने अन्य क्षेत्रका मानिसले त्यस क्षेत्रका मानिसहरूलाई बुझ्ने दृष्टिकोण बाह्य मनोभाव हुन सक्छ

। यो कुरा हरेक जातिसमुदाय, धर्मसम्प्रदाय र भूगोलका बिचमा पनि लागू हुन्छ । त्यसैले स्थान विशेषको भौगोलिक एवम् प्राकृतिक मूल्य, समाजको ऐतिहासिक पक्ष, भाषाधर्म तथा कलासंस्कृतिले कुनै अञ्चलको एउटा छुट्टै विशिष्ट सौन्दर्यको निर्माण भएको हुन्छ ।

समाजमा गरिबहरूले धनीहरू र धनीहरूले गरिबप्रति हेर्ने दृष्टिकोण, गैरदलित र दलितले एकअर्काप्रति राख्ने आम मनोभाव, थारू, मधेसी, पहाडी, हिन्दु, मुस्लिम आदिले राख्ने आपसी दृष्टिकोण मात्र होइन; हरेक ठाउँको सांस्कृतिक तथा प्राकृतिक सौन्दर्यप्रति आफ्नो र अन्यको दृष्टिकोण कस्तो हुन्छ भन्ने कुरा आञ्चलिक उपन्यासको एउटा महत्त्वपूर्ण पाटो हो ।

'झरेको पात' उपन्यासमा पनि थुप्रै ठाउँहरूमा आञ्चलिक मनोभाव तथा सौन्दर्य देख्न सकिन्छ । पार्वतीको यो कथनले तत्कालीन अवस्स्थामा जुम्लीहरूप्रतिको सामूहिक बाल मनोभावना अभिव्यक्त गर्दछ :

> त्यस्तै फागुनको महिना हुनुपर्छ । जुम्लीले भेडा ल्याए खरकमा हजारौं भेडाको आवाज । ठाउँ ठाउँमा हिँड्ने डरलाग्दा भोटे कुकुर र हातमा ऊन बेर्दै हिँड्ने गोठालाहरूको साम्राज्य सारै मन पर्थ्यो हामीलाई, हेर्दाहेर्दै उनीहरूको डेरामा लुकालको चाङ लाग्यो । गाउँभरिका भुराहरू जम्मा भए । चारैतिर भोटे कुकुर बानिए (मल्ल, २०७६, पृपृ. ८-९) ।

यो एउटा प्रसङ्गबाट पार्वतीको किशोरकालीन मनोभाव र तत्कालीन अवस्थाप्रतिको सौन्दर्य झल्किन्छ, "वैशाख आइपुग्यो । वैशाखसँगै वनजङ्गल झन् रङ्गीन हुन थाले । पात बजाउँदै देउरालीमा पर्खिनेहरू । मुरली बजाउँदै गाईबाखा धपाउनेहरू । गीतका भाषामा मन धुनेहरू । तिजुकाफलमा झुम्मिनेहरू । जम्मैले वैशाखलाई वैशाख जस्तै पारिदिएका थिए । ठिक त्यही समयमा काफल पाक्य चराले हामीलाई पनि डाके जस्तै लाग्यो" (मल्ल, २०७६, पृ. ४०) ।

आफ्नो लोग्ने प्रशासनबाट मारिएपछि देवरले आफूलाई पत्नी तुल्याएर पनुर्जीवन दिएको कुरा फुलमतीले गरेको सुनेर उसले थारू संस्कृतिप्रति आश्चर्यभाव व्यक्त गर्दा पार्वतीले यस्तो सोचेकी छ, "उसका अचम्म लाग्दा कुरा सुन्दासुन्दै मेलो सकिएको थाहै भएनछ। हाम्रोमा त भाउजूलाई आमा समान मानिन्छ। सोचैं, तैपनि उसको संस्कृतिमाथि टिप्पणी गरिनँ" (मल्ल, २०७६, पृ. ११५) ।

एकदिन त्यही बाटो आउँदै गर्दा अर्नवा तालभरि फक्रिएका सुन्दर कमललाई देखेर पार्वतीको मनमा यस्तो भावना उब्जिन्छ, "..... कति सुन्दर छन् यी फूलहरू ! यो चराचर जगत्को उत्पत्ति पनि यही कमलबाट भएको हो अरे। फेरि यति सुन्दर र कोमल कमलबाट बनेको धर्ती यति कुरूप र कठोर किन बन्यो होला" (मल्ल, २०७६, पृ. १११) ।

कहिल्यै पोखरा नपुगेकी पार्वतीले पोखराप्रतिको मनोभाव तथा सौन्दर्य यसरी ओकलेकी छ :

> 'पोखरा त साँच्चिको नै पोखरा नै रैछ' । .... यो गीत धेरैपटक सुनेकी हुँ रेडियोमा । तर यो साँच्चैको पोखराको दर्शन गर्ने सौभाग्य त आज मात्रै जुर्‍यो । म सोच्दै थिएँ । अनिशाहरू भने पोखराको त्यो अवर्णनीय सुन्दरतालाई तस्बिरहरूमा कैद गर्ने असफल प्रयत्न गर्दै थिए। विनोद र प्रमोदहरू पनि शब्दचित्रमा उतार्ने असफल प्रयत्नमा घोत्लिँदै थिए । सोचैं, प्रकृतिको यो अनौठो जादुगरी पनि कहीँकतै शब्दचित्रहरूद्वारा पुरै ओकल्न सकिन्छ र ? त्यति सोचेपछि मैले पोखरालाई अघाउन्जेल हेरेँ। छोएँ र हृदयभरि कहिल्यै नमेटिने चित्रमा सजाएँ" (मल्ल, २०७६, पृ. १५०) ।

आफूले जीवनभरि कुरिबसेको प्रेमी सुवासको निधनमा पार्वतीको यो संसार मानव जीवन, जन्ममृत्यु, प्रेम, मिलन बिछोड, बन्धन र मुक्तिप्रतिको धारणा यसरी अभिव्यक्त भएको छ :

> ..........सुवास ! मलाई तिम्रो गलामा यो माला पहिर्‍याइदिएर सारा संसार आँसुमा डुब्ने गरी रुन मन छ, रुन देऊ । मलाई रोएरै यति कठोर संसारबाट मुक्त हुन मन छ, हुन देऊ । मेरो मुक्तिमा तिमी कसरी अमुक्त हुन सक्छौ ? त्यसैले मलाई पनि आफूसँगै लिएर जाऊ । मलाई अझै पनि पग्लिँदै पग्लिँदै तिनीसम्म आउन मन छ, आउन देऊ" (मल्ल, २०७६, पृ. १८८) ।

जीवनप्रतिको बुझाइ, समाज, भूगोल, प्रकृति, प्रेम, मिलन बिछोड, बन्धन र मुक्ति, सुखदु:ख आदिप्रतिको सामूहिक एवम् वैयक्तिक धारणा, आफू, आफ्नो ठाउँ र संस्कृतिप्रतिको अन्यको धारणा तथा आफ्नो पनि त्यसै गरी अन्यप्रतिको धारणा प्रस्तुत हुनुले मनोभाव एवम् सौन्दर्यको बोध गराउँछ । माथि उल्लिखित केही प्रसङ्गहरूले यस उपन्यासमा अभिव्यक्त मनोभाव एवम् सौन्दर्यसँग सम्बन्धित आञ्चलिकतालाई विशिष्टता प्रदान गरेका छन् ।

**उपन्यासको भाषा**

मानिसले आफ्नो मनको भावना, विचार, अनुभव आदि अरुसमक्ष व्यक्त गर्न र सोहीअनुसारका अरूद्वारा व्यक्त विचार भावनाहरू आफूले बुझ्न प्रयोग गर्ने सबैभन्दा सजिलो माध्यम भाषा हो । यसरी विचार विनिमयको साझा माध्यमका रूपमा स्थापित भाषा हरेक समुदाय तथा जातजातिमा आआफ्नै किसिमको हुन्छ । यद्यपि एउटै भाषाभित्र पनि समुदायपिच्छे नै केही शैलीगत भिन्नताहरू हुन सक्छन् । अञ्चल विशेषको छुट्टै प्रकारको भाषिक विशिष्टता रहेको हुन्छ । जसअन्तर्गतका भाषिका, लवज र कथ्यभेदहरूले त्यहाँको विशेष पहिचान दिने गर्दछन् । यी कुरा आञ्चलिक उपन्यासमा झन् जीवन्त ढङ्गले देखिन्छन् । जसले आञ्चलिक उपन्यासलाई अझ बढी यथार्थ, विश्वसनीय र जीवन्त बनाउने गर्दछन् । तथापि आञ्चलिक उपन्यासमा अप्रासङ्गिक र भावबोधमा जटिलता उत्पन्न हुने गरी भने स्थानीय भाषाको प्रयोग सान्दर्भिक मानिदैन । घटना, परिवेश तथा पात्रको वर्णन तथा चित्रण गर्ने क्रममा भन्दा पनि पात्रको संवादमा स्थानीय भाषा, कथ्यभाषा तथा व्यक्तिबोलीको प्रयोग गर्नु उचित हुन्छ । पात्रको संवादमा विशिष्टिता झल्काउने उखान-टुक्का, गाउँखाने कथा, लोकतत्त्व आदिको पनि प्रयोग गर्न सकिन्छ ।

यस उपन्यासमा पनि भाषिका, व्यक्तिबोली, पाल्सी कुरा र केही कथ्यभेदहरूको पनि विशेष ढङ्गले प्रयोग भएको देखिन्छ । जस्तै :

"मैयाँ नमस्ते !"

"बाँचिरहे ! भाग्यमानी भए । कँबाट आयौ ?"

"हजुरका रौतेलाले एइन पिटिदिनुभयो छ । बाबुसाप्न भन्न आएकी थियाँ" (मल्ल, २०७६, पृ. ५०) ।

"दे न्यै ल्यायाछुँ अैले मुखिया, तुमिकन नासो ।"

"दाम पैसो केइ छैन । के लान्छौ त यस्को ?"

"अ, भया अक्को साल देउला, नुभया नुदेउला ।"

"तिम्मोहाम्मो माया न्यै फेरे जत्ति मातर होला त (मल्ल, २०७६, पृ. १०) ।

गाईबाह्रा फुकाएर वनतिर लैजाँदा पार्वती र चन्द्राबिच भएको यो पाल्सी कुराले पनि आञ्चलिकताको रङलाई अझ गाढा बनाएको देखिन्छ, "उई, कर्फता लार्फानी होर्फो ... ?" "ऊ पार्फारितिर्फिर लर्फगाइदिर्फिम् । भुर्फुत्या रर्फहमार्फा लर्फुगा धुर्फुम्ला, पर्फौडी खेर्फेलर्फम्ला ...." (मल्ल, २०७६, पृ. ३२) ।

उपन्यासमा थारू भाषा, टुक्का र कथ्यबोली पनि प्रयोग भएको छ । जस्तै :

"ए भाटु ! जाइ डेना हो कि नाइँ हम्रन्, हँ ? "

"मै का टुहन पक्रल बाटु ?"

"पकरके ढर्ना ट दम फे हुइपरल नि" (मल्ल, २०७६, पृ. १२४) ।

"... तिम्री फुपू कैँ जान्निन् । तिउन चाख्दै हिँड्न पाए कसैले टन्टा बेसाउँछ ? ..."

"त्यति साह्रै त नभन् न । जाँ गए पनि आजसम्म नराम्रो कुरा त सुनिएको छैन क्यारे । अर्कालाई अनाहकमा दोष लाउँदा पाप लाग्छ, बुझिस्" (मल्ल, २०७६, पृ. १५३) ।

केही उखानहरूको प्रयोग यस्ता छन्, बुढापाकाहरूले भन्थे, 'नेपाल गयो कपालसँगै, बर्मा गयो कर्मसँगै ।'फेरि आफ्नै जस्तो मुख लगाएर धेरै फर्किएँ । भित्रभित्रै आफैलाई धिक्कारेँ । व्यर्थै मैले आफ्ना भाग्यभन्दा बढी पाउन किन खोजेकी हुँला' (मल्ल, २०७६, पृ. १५०) ।

सासूलाई बोक्सी भनेर कुटपिट गर्ने अटवारीलाई मान्छे राख्दा उल्टै उसले फुलमतीलाई यसरी धम्क्याएको छ, "... जो च्वार वाकर बरवार सोर ! टोरै ससुइया बोक्सिनिया, अभिन टोरै बाट बरवार" (मल्ल, २०७६, पृ. ११८) ।

उपन्यासको संवादमा गाइत्यारे, हेरीँ, थिन, थापाइस, टेप्रिकोट, हीँकै, कोल्पुर, जेठब्वा, घुमम्ला, साइप, जेठबा, ब्यानै, ह्याँ, गाथिम जस्ता थुप्रै कथ्य भाषाको प्रयोग भएको पाइन्छ भने सन्दर्भअनुकूल आजी, आँसी, अर्नी, कन्न, चढ्यान, कँबाट, जानी, पऱ्याँ, गाली, गद्दा, इस्टकन, दिँदा छौँ, भया, नुभया, तिम्मोहाम्मो, न्यौ मातर, क्या, कुडा, तिमुरु, मुन्छे, जाम्, खाम्, आम् जस्ता भाषिकाको पनि प्रयोग भएको पाइन्छ। त्यसै गरी 'हुने बिरुवाको चिल्लो पात', 'रानुविनाको मौरी', 'नुनविनाको तरकारी', 'अरिङ्गालको गोलाको सिरानी', 'स्यानो चित्तले बोसो पोलिँदैन', 'नखाएको विष', 'लुतो न चिलाइ', 'मोही माग्न आउनु ढुङ्ग्रो लुकाउनु', 'पोथी बासे पिर्छ' जस्ता उखानका साथै 'टालो हाल्नु', 'आँखा वरिपरि बस्नु', 'तरबारको धारमा हिँड्नु', 'कलङ्कको टीका लगाइमाग्नु', 'झ्याली पिट्नु', 'तिउन चाख्दै हिँड्नु', 'जिउ काटी जिउनारी लाउनु', 'धमिरा लागेको खाँबो हुनु', 'उन्याँ फुल्नु', 'ढुङ्गो टुसाउनु', 'किलै भाँच्चिनु, दाम्लै चुट्नु', 'परिया फुकाउँदै हिँड्नु', 'तातो पस्नु' जस्ता टुक्काहरूको पनि सान्दर्भिक प्रयोग भएको छ । उपर्युक्त स्थानविशेषको विशिष्ट भाषिक प्रयोगले 'झरेको पात' उपन्यासलाई आञ्चलिक उपन्यास बनाएको छ ।

## निष्कर्ष

'झरेको पात' उपन्यासले दैलेख जिल्लाको डुङ्गेश्वर गाउँपालिकाको वडा नं. ५ मा पर्ने पाङ्कोटदेखि सुर्खेत जिल्लाको दशरथपुर हुँदै बर्दिया जिल्लाको राजापुर र कैलालीको टीकापुरसम्मको भूभागलाई मुख्य आधार बनाएको छ । यस क्रममा यी क्षेत्र र यिनमा देखिने स्थानीय प्रकृतिको विशिष्ट अङ्कन भएको छ । यहाँका गाउँवस्ती, वनजङ्गल, लेकबेँसी, भञ्ज्याङ, चौतारी, नदी, खोला, ताल, झरना, पहाड, तराई, हाटबजार, खेतबारी आदिको जीवन्त चित्रण गरिएको छ । यसले उपन्यासको आञ्चलिक पक्षलाई देखाएको छ । उपन्यासमा समाज, त्यसले अवलम्बन गरेको संस्कृति, लोकतन्त्र आदिको सजीव चित्रण गरेको छ । उपन्यास ग्रामीण नेपाली जनजीवनको चित्रणमा उन्मुख छ । यस्तो गाउँ देखाइएको छ जहाँ ब्राह्मण, क्षेत्री, वैश्य, शुद्र आदि सबैका बहुपहिचान छ । यिनले अङ्गीकार गरेको संस्कृति र परम्पराको जीवन्त प्रस्तुति छ । विवाह, ब्रतबन्ध, चाडपर्व, मेलापात, घाँस दाउरा, देवीदेउताको पूजा, धामीझाँक्री बस्ने प्रथा, रक्सी जुवातासको कुप्रथा, लोकगीत-संगीतको प्रस्तुति, भाषिक प्रयोग, वेषभूषा आदि जस्ता थुप्रै जातजातिका अनेकौ प्रथा, परम्परा, रहनसहन, बोली-भाषा, वेषभूषा आदिको जीवन्त प्रस्तुतिले उपन्यासलाई आञ्चलिक बनाएको छ । उपन्यासमा मूलतः निम्न र मध्यम वर्गीय नेपाली समाज चित्रित छ। कमाराकमारी प्रथा, धेरैजसो खेतीपाती र पशुपालन गर्ने, केही व्यापार गर्ने जीवनशैलीको चित्रणका साथै उपन्यासले हलीगोठाला एवं कमाराकमारी बस्ने प्रथालाई पनि देखाएको छ । उपन्यासमा वि.सं. २०५२ सालबाट प्रारम्भ भएको माओवादी सशस्त्र विद्रोह र त्यसको समाजमा प्रभाव, थारूवान, थरुहट आन्दोलन, मधेस आन्दोलन, संविधान सभाबाट संविधान निर्माणको सन्दर्भ र त्यसले स्थानीय तहमा उत्पन्न गरेको हलचल आदि जस्ता स्थानीय आर्थिक, राजनीतिक सन्दर्भको पनि जिउँदो प्रस्तुति रहेको छ । यसको साथै राजतन्त्रको ढल्किँदो बैंसदेखि मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा प्रवेश गरेको करिब ४ दशक लामो ऐतिहासिक घटनाक्रमहरूलाई स्थानीय गतिविधिसँग जोड्दै प्रस्तुत गरिएको छ । यसका साथै स्थानीय शिक्षाको अवस्था, चेतनाको स्तर, जात्रामेला, सिकारसन्दर्भ नुन र मकैको विनिमय प्रथा, अन्धविश्वास, द्वन्द्वले उजाडिएका गाउँवस्ती आदि जस्ता स्थानीय ऐतिहासिकतालाई झल्काउने सन्दर्भहरूलाई उपन्यासले आत्मसात गरेको छ । विविध विषय सन्दर्भले उत्पन्न गरेको मनोभाव र सौन्दर्यात्मक स्थितिको यथार्थ प्रस्तुति उपन्यासमा पाइन्छ । स्थानीयतालाई झल्काउने सशक्त पक्ष भनेको उपन्यासको स्थानीय भाषिक प्रयोगको विविधता पनि एक

हो । नेपाली भाषाको स्थानीय भेद, पाल्सी कुराको प्रयोग, स्थानीय वर्ग, जाति, लिङ्ग आदिले ल्याउने भाषिकागत विविधताको प्रयोग, सिंजा र दैलेख क्षेत्रका नेपालीहरूले बोल्ने भाषिकाको प्रयोग आदिले उपन्यासलाई आञ्चलिक बनाउन मद्दत गरेका छन् । समग्रमा यी सबै सन्दर्भहरूले 'झरेको पात' उपन्यासलाई सशक्त आञ्चलिक उपन्यासका रूपमा उभ्याएका छन् ।

## सन्दर्भसूची

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०५९), *नेपाली कथा र उपन्यास,* संस्करण, काठमाडौँ : एम. के. पब्लिसर्स एन्ड डिस्टिव्युट्र्स ।

परिश्रमी, घनश्याम (२०६९), "कर्णाली क्षेत्रको साङ्गोपाङग केलाइएको उपन्यास", *मधुपर्क* (वर्ष ४४; अङ्क १२, पूर्णाङ्क ५१५, वैशाख), पृ. ६१ ।

प्रधान, कृष्णचन्द्रसिंह (२०६१), *नेपाली उपन्यास र उपन्यासकार,* चौथो संस्करण, काठमाडौँ : साझा प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम (२०५८), *उपन्यास सिद्धान्त र नेपाली उपन्यास,* दोस्रो संस्करण, ललितपुर : साझा प्रकाशन । (२०६३), *नेपाली कथा र उपन्यास,* काठमाडौँ : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन ।

भण्डारी, पारसमणि र अन्य (२०६४), *नेपाली गद्य र नाटक,* संस्करण, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

मल्ल, महेन्द्रकुमार (२०५३), *लैनसिंह बाङ्देलका औपन्यासिक कृतिहरूको विश्लेषण,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. कीर्तिपुर : केन्द्रीय क्याम्पस ।

मल्ल, प्रेमप्रकाश (२०७६), *झरेको पात,* काठमाडौँ : पैरवी बुक हाउस प्रा.लि. ।

राई, इन्द्रबहादुर (२०५०) *नेपाली उपन्यासका आधारहरू,* दोस्रो संस्करण, ललितपुर : साझा प्रकाशन ।

**लेखक**

डा. महेन्द्रकुमार मल्ल, त्रिभुवन विश्वविद्यालय, सुर्खेत बहुमुखी क्याम्पस, सुर्खेतमा प्राध्यापनरत हुनुहुन्छ । उहाँले त्रिभुवन विश्वविद्यालय, मानविकि तथा सामाजिक शास्त्र सङ्कायबाट विद्यावारिधि उपाधि हासिल गर्नुभएको छ । भाषासाहित्य, नेपाली भाषाशिक्षण र भाषाविज्ञानका क्षेत्रमा उहाँको योगदान रहेको छ ।